ऐन संख्या :- २२

कार्यपालिकाबाट पारित मिति : २०७५।०७।१८

प्रमाणीकरण मिति : २०७५।०८।१०

# फुसको छानो व्यवस्थापन कार्यविधि - २०७५

कपिलवस्तु नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तौलिहवा,कपिलवस्तु

२०७५

१) **प्रस्तावना :**

यस नगरपालिका क्षेत्रका स्थानीय जनताको सहभागितामा सुरक्षित र व्यवस्थित आवासको निर्माण, आगलागी नियन्त्रण, सौन्दर्यता अभिवृद्धि र शहरी सौन्दर्यता कायम गर्ने कार्यमा सहयोग पुर्‍याउने उद्धेश्यले जनसहभागितामा आधारित फुसको छानो व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएकोले कपिलवस्तु नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिकावाट फुसको छानो व्यवस्थापन कार्यविधि २०७५ तर्जुमा गरिएको छ ।

२) **कार्यक्रमको उद्धेश्यः**

यस कार्यविधिको उद्धेश्य देहाय वमोजिम हुनेछ ।

क) नगरपालिका क्षेत्रमा रहेका फुसको छानो भएका परिवारहरुको पहिचान गर्ने ।

ख) पहिचान भएका परिवारहरुलाई जस्ता पाता उपलव्ध गराउने ।

३) **कार्यक्रमको कार्यक्षेत्रः**

यस कार्यक्रमको कार्यक्षेत्र कपिलवस्तु नगरपालिकाको १२ वटै वडाहरु हुनेछन् ।

४) **कार्यक्रम संचालन तथा व्यवस्थापनः**

कार्यक्रम संचालन निम्नानुसार हुनेछ ।

क) फुसको छानो भएका परिवारहरुको लगत तयार गर्ने तथा सूचना प्रकाशन गरी सवैलाई जानकारी गराइने ।

ख) सम्वन्धित घर धनीले नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाणपुर्जा मालपोत तिरेको रसीद, वालविटौरी भएकोमा वालविटौरी रसिद, गाउंव्लकको हकमा वडाकार्यालयवाट चार किल्ला प्रमाणित पेश गर्नुपर्ने ।

ग) कार्यालयले तयार पारेको अनुसुची-१ अनुसारको ढांचमा निवेदन दिनु पर्ने । निवेदनमा घरको लम्वाई चौडाई खुलाउनु पर्ने ।

घ) प्राविधिक इस्टिमेट अनुसार समय सीमा तोकी सम्झौता पश्चात् कर्कट पाता उपलव्ध गराइनेछ ।

ङ) जस्ता पाता नगरपालिका मार्फत् खरिद गरी उपलव्ध गराइनेछ ।

च) पक्की घर हुनेले यो सुविधा प्राप्त गर्न सक्ने छैनन् ।

छ) मानव वसोवास गर्ने प्रयोजनमा उपयोग गर्नेले मात्र सुविधाको लागि योग्य हुनेछन् ।

ज) २६ गेजको कर्कट पाता उपलव्ध गराइनेछ ।

झ) लाभग्राहीले सुविधा प्राप्त गरेवापत त्यस्तो कुनै सुविधा नगरलाई वुझाउन नपर्ने ।

ञ) घरको फ्रेम तयार गरेपछि प्राविधिक अनुगमनको आधारमा जस्ता पाता उपलव्ध गराइनेछ ।

ट) व्यापार, होटल तथा कुनै पनि व्यवसायिक प्रयोजनका लागि यो सुविधा प्राप्त हुने छैन ।

ठ) विवाद तथा समस्या उत्पन्न भएमा त्यसको समाधान गर्ने जिम्मेवारी नगर प्रमुखलाई हुनेछ ।

# अनुसुची-१

श्रीमान् नगर प्रमुख ज्यू

कपिलवस्तु नगरपालिका

तौलिहवा ।

प्रस्तुत विषयमा कपिलवस्तु नगरपालिकाको नगरसभावाट निर्णय भै कार्यान्वयनमा रहेको फुसको छानो व्यवस्थापन कार्यक्रममा सहभागि गराइदिनु भई मेरो घरमा जस्ता पाता लगाउने कार्यमा सहयोग गरिदिनु हुन निम्न कागजात सहित निवेदन पेश गरेको छु ।

क) निवेदकको नामः

ख) ठेगानाः

ग) घर वनेको जग्गा कित्ता नंः

घ) घरको लम्वाई....................चौडाई........................

ङ) घरको अवस्थाः निवेदकको सहिछाप